"स्वच्छ, सफा, समृद्ध, सुन्दर – महालक्ष्मी नगर"
"Clean, Green, Prosperous, Full of Beauty- Mahalaxmi Municipality"

# महालक्ष्मी नगरपालिका
## Mahalaxmi Municipality
### नगर कार्यपालिकाको कार्यालय
### Office of the Municipal Executive
ललितपुर, बागमती प्रदेश, नेपाल
Lalitpur, Bagmati Province, Nepal

पत्र संख्या (Let. No):
चलानी नं. (Reg. No):

## शैक्षिक सहायताका लागि आवेदन दिनेसम्बन्धी सूचना
प्रथम पटक प्रकाशित मिति २०७८/७/१

यस महालक्ष्मी नगरपालिका, ललितपुरको आ.व.२०७८/०७९ को स्वीकृत कार्यक्रमबमोजिम कोभिड-१९बाट अभिभावक गुमाएका यस नगरपालिकाका स्थायीवासी १८ वर्षमुनिका बालबालिकाको अध्ययनका लागि प्रति विद्यार्थी वार्षिक रु.२५०००।- (अक्षरेपि पच्चीस हजार मात्र) दुई किस्तामा उपलब्ध गराउने कार्यक्रम रहेकाले यस नगरपालिकाभित्र स्थायी बसोबास गर्ने, कोभिड-१९बाट अभिभावक (बाबु वा आमा वा दुवै) गुमाएका १८ वर्षमुनिका बालबालिका स्वयम् वा निजको अभिभावक वा संरक्षकले तपसिलबमोजिमका कागजातसहित यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा आवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

१. निवेदन
२. कोभिड १९को कारण अभिभावकको मृत्यु भएको प्रमाणित हुने कागजातको प्रतिलिपि
३. मृत्युदर्ताको प्रमाणपत्रको प्रतिलिपि
४. सम्बन्धित बालबालिका/विद्यार्थीको नागरिकता वा जन्मदर्ताको प्रतिलिपि
५. सम्बन्धित वडा कार्यालयको सिफारिस

पुरुषोत्तम सापकोटा
प्रमुख प्रशासकीय अधिकृत